# नेपालबाट अन्य मुलुकहररुमा अध्ययन वा तालिम वा काम गर्न जाने नेपाली चिकित्सक/स्वास्थ्यकर्मीहरूको लागि आवश्यकताको पत्र जारी गर्ने सम्बन्धी कार्यविधि,२०८०

(नेपाल सरकार (माननीय मन्त्रीस्तर)२०८०/०९/०२ मा स्वीकृत)

## १ ) प्रस्तावना :

नेपालमा चिकित्सक वा स्वास्थ्यकर्मीको रुपमा दर्ता/नवीकरण भएका व्यक्तिहरूले निजी प्रयासमा वा अन्य कुनै प्रकारले अध्ययन वा तालिम वा कामका लागि अन्य मुलुकहरूमा अवसर पाएमा ती अवसरका लागि नेपाल सरकारले सिफारिस गर्नुपर्ने भएमा सो कार्यलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रलयबाट सहजीकरण गरी आवश्यकताको सिफारिस पत्र उपलब्ध गराउन यो कार्यविधि जारी गरिएको छ । यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

## २) आवश्यकताको सिफारिस पत्र उपलब्ध गराउने आधारहरू

२.१) निवेदक स्वास्थ्य सम्बन्धी परिषदमा दर्ता/नवीकरण भएको नेपाली नागरिक हुनु पर्नेछ ।

२.२) सम्बन्धित देश वा संस्थाले तोके अनुसारको आवश्यकताको सिफारिस पत्र माग गर्न सबै प्रक्रिया पुरा गरेको सम्बन्धित व्यक्ति स्वयंले निवेदनमा खुलाएको र सम्बन्धित संस्थाको आधिकारिक कागजात हुनु पर्नेछ ।

२.३) चिकित्सक वा स्वास्थ्यकर्मीको रुपमा नेपालभित्र सरकारी, निजी वा गैरसरकारी क्षेत्रमा कम्तिमा एक वर्ष सेवा गरेको हुनु पर्नेछ । यसरी कार्य गरेको व्यहोरा स्थानीय तह वा सम्बन्धित स्वास्थ्य संस्थाले प्रमाणित गरेको हुनुपर्नेछ ।

२.४) छात्रबृत्तिमा अध्ययन गरेको व्यक्तिले छात्रबृत्ति सेवा करार पूरा गरेको व्यहोरा सम्बन्धित निकायबाट प्रमाणित गरेको कागत पत्र पेश गर्नु पर्नेछ ।

२.५) निवेदक एवं सम्बन्धित देश वा संस्थाले नेपाल सरकारलाई आर्थिक भार नपर्ने बिषय खुलाउनु पर्नेछ । नेपाल सरकारलाई थप आर्थिक भार पर्ने भएमा अर्थ मन्त्रालयको सहमति बिना आवश्यकताको सिफारिस पत्र जारी गरिने छैन ।

२.६) निवेदकले माग गरे अनुसारको अध्ययन वा तालिम नेपालमा उपलब्ध हुने वा नहुने बिषयले आवश्यकताको पत्र उपलब्ध गराउन बाधा पर्ने छैन।

## ३) आवश्यकताको सिफारिस पत्र उपलब्ध गराउने प्रक्रिया

३.१) आवश्यकताको सिफारिस पत्र अर्थात् स्टेटमेन्ट अफ नीड्स/एक्सेपसनल नीड्सको लागि निवेदकले अनुसूची-१ बमोजिमको ढाँचामा संलग्न कागजातहरू सहित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा निवेदक दिनुपर्नेछ ।

३.२) अनुसूची-१ अनुसारको निवेदन सहित निवेदक स्वयं वा निजको आफन्त अभिभावक स्वयं उपस्थित हुनुपर्नेछ ।

३.३) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सम्बन्धित देशको सम्बन्धित निकायले तोके अनुसारको ढाँचाको आवश्यकताको सिफारिस पत्र जारी गरिदिनु पर्नेछ ।

३.४) यसरी प्राप्त निवेदनका आधारमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कम्तिमा अधिकृतस्तरको तोकिएको कर्मचारीले दस्तखत गरी आवश्यकताको सिफारिस पत्र अर्थात् स्टेटमेन्ट अफ नीड्स/एक्सेपसनल नीड्सको पत्र जारी गर्न सक्नेछ ।

३.५)यसै बिधि र प्रक्रियाबाट सम्बन्धित देश वा संस्थाले तोके अनुसार वा माग गरे अनुसारको थप स्टेटमेन्ट अफ नीड्स/एक्सेपसनल नीड्स वा सिफारिसको पत्र जारी गर्न सकिनेछ।

३.६) अनलाइन मार्फत प्राप्त निवेदनका आधारमा समेत आवश्यकताको सिफारिस पत्र उपलब्ध गराउन बाधा पर्ने छैन ।

## ४) आवश्यकताको सिफारिस पत्र उपलब्ध गराउन अयोग्य

४.१) गैह्र नेपाली नागरिक

४.२) स्वास्थ्य सम्बन्धी परिषदमा दर्ता/नविकरण नभएको

४.३) चिकित्सक वा स्वास्थ्यकर्मीको रुपमा नेपालमा कम्तिमा एक वर्ष सेवा नगरेको ।

## ५) जिम्मेवारी तोक्न सक्ने :

आवश्यकताको सिफारिस पत्र उपलब्ध गराउने कार्यका लागि स्वाथ्य तथा जनसंख्या मन्त्रालयका सचिवले कम्तिमा अधिकृतस्तरको कर्मचारीलाई जिम्मेवारी तोक्न सक्नेछन् ।

## ६) खारेजी र बचाउ :

अन्यत्र जुनसुकै व्यवस्था भएको भएपनि यो कार्यविधि अनुसार आवश्यकताको सिफारिस पत्र जारी गर्न कुनै बाधा पर्ने छैन तथा यस भन्दा अघि आवश्यकताको सिफारिस पत्र सम्बन्धमा जुनसुकै निकायबाट भए गरेका कामकारबाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

# अनुसूची-१

## निवेदन

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

**बिषय : आवश्यकताको सिफारिस पत्र/स्टेटमेन्ट अफ नीड्स / एक्सेप्सनल नीड्स जारी गरिदिने बारे ।**

श्री ............................................. को नाती/नातिनी, श्री ............................................. को छोरा/छोरी नेपाली नागरिकता नम्बर .................. (जारी भएको जिल्ला र मिति .................................) भएको नेपाली नागरिक म (नाम थर) ................................ ....................... देश स्थित .................................. राज्यको ............................................. विश्वविद्यालय/मेडिकल कलेज/अस्पतालमा मिति .............. देखि ............... सम्म ............................................. बिषयको .................... तहको ........................ अध्ययन/फेलोसिप/काम गर्ने प्रयोजनको लागि आवश्यकताको सिफारिस पत्र/स्टेटमेन्ट अफ नीड्स/एक्सेप्सनल नीड्स जारी गरिदिनुहुन अनुरोध गर्दछु। यसमा नेपाल सरकारलाई कुनै पनि थप आर्थिक भार पर्ने छैन। आवश्यक कागजातहरू यसैसाथ पेश गरेको छु। पेश गरिएको विवरण ठीक छ झुट्टा ठहरे कानुन बमोजिम संहुला बुझाउँला।

**निवेदन साथ संलग्न कागजातहरु**

- निवेदक स्वयमले लेखेको निवेदन
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
- राहादानीको प्रमाणित प्रतिलिपि
- निबेदन साथ स्वयं निवेदक उपस्थित हुन नसकेमा नेपालमा स्थायी बसोबास भएको अभिभावकको नागरिकताको प्रमाणित प्रतिलिपि
- सम्बन्धित परिषदको दर्ता/नविकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि(मेडिकल काउन्सिलको हकमा छ महिना भित्रको गुड स्टान्डीन्ग सर्टिफिकेटको प्रमाणित प्रतिलिपि समेत)
- सम्बन्धित देश संस्थाको अफर लेटर लगायतको कागजात
- सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मी भए सम्बन्धित संस्थाको पूर्व स्वीकृति पत्र/सहमति पत्र
- कम्तीमा एक वर्ष नेपाल भित्र सेवा गरेको खुल्ने कागजात (छात्रबृत्तिमा अध्ययन गरेको भए छात्रबृत्ति सेवा करार पुरा गरेको पत्र वा सो आवश्यक नरहेको आधार)

निवेदकको नाम : ...............................

स्थायी ठेगाना : .................................

नागरिकता नं. : ................................

राहदानी नं. : ...................................

राष्ट्रिय परिचय पत्र नं. (लिएको भएमा) : .......................

सम्बन्धित परिषद दर्ता नं.: .....................

ई.सि.एफ.एम.जी. नं./सम्बन्धित निकायले दिएको नं.: .....................

निवेदकको सम्पर्क मोबाइल नं. : ......................

इमेल : ............................. हस्ताक्षर : ............................

| दुबै औंलाको रेखाङ्कन | |
|---|---|
| दायाँ | बायाँ |
| | |